# प्रेस चौतारी चितवन
# **'शारदा-तिलचन्द्र पत्रकारिता पुरस्कार'**
## **कार्यविधि, २०७८**

**१. प्रस्तावनाः**

चितवनको पत्रकारितालाई विशेष योगदान गरेका, पत्रकारिताको माध्यमबाट जिल्लाको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षलाई उजागर गरेका, असक्त, विपन्न, दलित, महिला, जनजातिहरूको उत्थानमा विशेष भूमिका खेलेका र जिल्लाका पत्रकारहरूलाई सक्षम बनाउन विशेष योगदान गरेका सञ्चारकर्मी र सञ्चार संस्थालाई सम्मान र प्रोत्साहन गर्न आवश्यक ठानी प्रेस चौतारी चितवनको मातहतमा रहने गरी यो **'शारदा-तिलचन्द्र पत्रकारिता पुरस्कार'** स्थापना गरिएको छ ।

२. परिभाषा :

२.१ **प्रेस चौतारी** भन्नाले प्रेस चौतारी नेपाल जिल्ला शाखा चितवनलाई बुझिनेछ ।
२.२ **महासंघ वा चौतारीका सदस्य** भन्नाले नेपाल पत्रकार महासंघको विधानबमोजिम सदस्यता प्राप्त गरेका तथा चौतारीको सदस्यता लिई पत्रकारिता क्षेत्रमा क्रियाशील रहेका सदस्य भन्ने बुझिनेछ ।
२.३ **पुरस्कार** भन्नाले शारदा-तिलचन्द्र भट्टराई पत्रकारिता पुरस्कार भन्ने बुझिनेछ ।
२.४ **अक्षयकोष** भन्नाले यस कार्यविधिअनुसार **शारदा-तिलचन्द्र** पत्रकारिता पुरस्कार वितरण गर्न गठन गरिएको कोष भन्ने बुझिने छ ।
२.५ **कोष सञ्चालन तथा व्यवस्थापन समिति** भन्नाले यसै कार्यविधिअनुसार गठन हुने कोषलाई सञ्चालन तथा व्यवस्थापन गर्न गठित कोष भन्ने बुझिनेछ ।
२.६ **समिति** भन्नाले यसै कार्यविधिअनुसार गठित कोष सञ्चालन तथा व्यवस्थापन समिति भन्ने बुझिनेछ ।
२.७. **पुरस्कार छनोट समितिः** यस कार्यविधि अनुसार पुरस्कार प्रदान गर्न व्यक्ति छनोट गर्न गठित समिति भन्ने बुझिने छ। यस कार्यविधिमा यसलाई छनोट समिति पनि उल्लेख गरिएको छ ।

**३. उद्देश्यः**

चितवनको भरतपुर महानगरपालिका वडा नं.-१२ निवासी नेपालकै पोल्ट्री क्षेत्रका अगुवा विज्ञ एवम् समाजसेवी डा. तिलचन्द्र भट्टराई र नेपालको पशु विज्ञान, पशु चिकित्सा क्षेत्रमा अग्रणी रहेर योगदान गर्नुहुने प्रा.डा. शारदा थपलियाज्यूको विषेश योगदानलाई चीरस्थायी बनाउन तथा जिल्लामा रहेर निरन्तर पत्रकारिताको क्षेत्रमा काम गरेर महत्वपूर्ण योगदान गरेका श्रमजीवि पत्रकारहरुलाई थप उर्जा, हौसला र प्रेरणा जगाउने उद्देश्यले प्रेस चौतारी नेपाल जिल्ला शाखा चितवनसँग मिलेर डा. भट्टराई दम्पतीको सत् चाहानामा यो पुरस्कार स्थापना गरिएको छ । यसको उद्देश्य निम्न अनुसार रहेको छ ।

३.१ पत्रकारिता पेशामा सक्रिय रहेकाहरुलाई प्रोत्साहित गर्नु ।
३.२ पत्रकारिता पेशामा सक्रिय रही जिल्लाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएकालाई सम्मानित र कदर गर्नु ।
३.३ पत्रकारिताको विकास र पत्रकार महासंघको संस्थागत विकासमा योगदान पुऱ्याउनु ।
३.४ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा योगदान गर्नु ।
३.५ पत्रकारहरूको दक्षता र सिप विकासमा सहयोग पुऱ्याउनु ।

यो पुरस्कार स्थापनाले प्रेस चौतारी चितवन र पत्रकार महासंघमा संगठित रही पत्रकारिताको माध्यमबाट जिल्लाको समग्र विकासमा योगदान गर्ने, पत्रकारिता क्षेत्रको संस्थागत विकास, संगठन सुदृढिकरण र पत्रकारहरुको क्षमता अभिबृद्धिका लागि काम गर्ने व्यक्ति र संस्थाको भूमिकाको कदर हुने अपेक्षा गरिएको छ । यसका साथै पुरस्कृत पत्रकारका माध्यमबाट नेपाली पत्रकारहरुको स्वाभिमान, क्रियाशीलता र व्यवसायिक सम्मान बढ्दै जाने विश्वास लिइएको छ ।

**४. पुरस्कारको नाम :**
यो पुरस्कारको नाम '***शारदा-तिलचन्द्र पत्रकारिता पुरस्कार'*** हुनेछ ।

**५. पुरस्कार राशी :**

यो पुरस्कार हरेक वर्ष चितवनमा क्रियाशील पत्रकारलाई प्रदान गर्ने गरी स्थापना गरिएको छ । पुरस्कारको राशी अक्षयकोषमा जम्मा भएको रकमको व्याजका आधारमा तय गरिने छ । नगद राशीका अतिरिक्त प्रमाणपत्र प्रदान गरिने छ ।

**६. अक्षयकोष :**

पुरस्कार प्रदान गर्न डा. तिलचन्द्र भट्टराई र प्रा.डा. शारदा थपलियाको सहयोगमा प्रेस चौतारी नेपाल जिल्ला शाखा चितवनले २ लाख ५० हजार रूपैयाँको एक अक्षय कोषको स्थापना गर्नेछ । यो कोषको नाम 'शारदा-तिलचन्द्र पत्रकारिता पुरस्कार कोष' रहने छ । कोषमा डा. भट्टराई परिवारबाट प्राप्त सहयोग र त्यसको ब्याजसमेत जम्मा हुनेछ । कोषको सावाँ मास्न पाइने छैन । ब्याज रकममध्येबाट हरेक वर्ष पुरस्कार वितरण गर्दै बाँकी रकम सावाँमा थपिदैं जानेछ । कोषको रकम समयानुकूल बृद्धि गर्दै लैजान सकिने छ ।

**७. कोष सञ्चालन तथा व्यवस्थापन समितिः**

कोष सञ्चालन तथा व्यवस्थापन गर्न प्रेस चौतारी चितवन शाखाले निम्नबमोजिमको पाँच सदस्यीय समिति गठन गर्नेछ ।

७.१ प्रेस चौतारी नेपाल, जिल्ला शाखा चितवनका अध्यक्ष - अध्यक्ष
७.२ डा. तिलचन्द्र भट्टराई वा उहाँले तोकेको व्यक्ति - सदस्य (संरक्षक)
७.३ प्रा.डा. शारदा थपलिया वा उहाँले तोकेको व्यक्ति - सदस्य
७.४ प्रेस चौतारी चितवनका पूर्व अध्यक्षहरूमध्येबाट एक जना - सदस्य
७.५ प्रेस चौतारी चितवन कोषाध्यक्ष- सदस्य

माथिको उपदफा ७.२ र ७.३ कोष सञ्चालक आजीवन सदस्य रहनुहुनेछ भने, ७.१ र ७.५ का हकमा निजको पदावधि कायम रहेसम्म यो कोषप्रतिको जिम्मेवारी कायम रहनेछ । अधिवेशनपछि आउने नयाँ नेतृत्व स्वतः यसको अध्यक्ष र सदस्य बन्ने छन् । प्रेस चौतारी चितवनको पूर्व अध्यक्ष तोक्ने जिम्मेवारी कार्यसमितिलाई रहनेछ । स्थापनाकालको समितिलाई संस्थापक समिति मानिनेछ र समितिमा संस्थापक समिति पदेन सदस्यको रूपमा आमन्त्रण गरिनेछ । खाता सञ्चालन प्रेस चौतारी चितवनका अध्यक्ष र कोषाध्यक्षबाट हुनेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकारः**

८.१ अक्षयकोषलाई संरक्षकत्व प्रदान गर्ने ।
८.२ अक्षयकोषमा रकम वृद्धि गर्न पहल गर्ने ।
८.३ रचनात्मक तथा सृजनात्मक क्रियाकलापहरु सञ्चालन गरी समाजमा नमुना कोषको रुपमा प्रस्तुत हुने ।
८.४ अक्षयकोषमा भए-गरेका हरेक गतिविधिहरूको अभिलेख राख्ने ।
८.५ अक्षयकोषलाई दिगो राख्ने खालका गतिविधि सञ्चालन गर्ने ।
८.६ कोषको आर्थिक हिसाबकिताब पारदर्शी ढंगले राख्ने ।
८.७ पुरस्कार छनोट समितिसँग समन्वय गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने ।

**९.पुरस्कार वितरण :**

यो पुरस्कारको घोषणा प्रेस चौतारी स्थापना दिवसको एक साता अगाडि गरिनेछ । प्रेस चौतारीको स्थापना दिवसको अवसरमा पुरस्कार प्रदान गरिनेछ ।

**१०. छनोट विधिः**

पुरस्कार छनोटका लागि कार्यसमितिले छनोट समिति गठन गर्नेछ । छनोट समितिले गरेको सिफारिसका आधारमा प्रेस चौतारी चितवनले पुरस्कार प्राप्त गर्नेको नाम घोषणा गर्नेछ । यो पुरस्कार एक जना चितवनका पत्रकारलाई प्रदान गरिने छ । विशेष अवस्थामा संयुक्त रुपमा वा मरणोपरान्त पनि प्रदान गर्न सकिने छ । पुरस्कारका लागि व्यक्ति छनोट गर्दा निम्न कुरालाई ध्यान दिइने छ । यो पुरस्कार एकै व्यक्तिलाई दोहोऱ्याएर दिइनेछैन ।

१०.१ कम्तिमा ५ वर्ष निरन्तर चितवनमा रही पत्रकारितामा संलग्न व्यक्ति हुनु पर्नेछ ।

१०.२  प्रेस चौतारी चितवनको सदस्य वा चितवनमा क्रियाशील पत्रकार हुनु पर्नेछ ।
१०.३  प्रेस स्वतन्त्रताको पक्षमा दृढतापूर्वक उभिएको र यसको पक्षमा संघर्षरतलाई प्राथमिकता दिइने छ ।
१०.४  भूगोल, क्षेत्र, विधा तथा जातीय, लिंगीय समावेशीकरणलाई ध्यान दिइने छ ।
१०.५  पत्रकारिताको माध्यमबाट जिल्लाको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षलाई उजागर गर्न भूमिका खेलेको व्यक्तिलाई प्राथमिकता दिइने छ ।
१०.६  जिल्लाका पत्रकारहरुको क्षमता अभिवृद्धिमा योगदान गरेको व्यक्तिलाई प्राथमिकतामा राखिनेछ ।
१०.७  पुरस्कार छनोटका थप आधार छनोट समिति स्वयंले तयार पार्न सक्नेछ ।
१०.८ सार्वजनिक रूपमा कुनै विवादमा नपरेको (फौजदारी अभियोगमा सजाय पाएको वा कसुरदार ठहरिएको)

**११.पुरस्कार छनोट समिति :**

पुरस्कार छनोटका लागि प्रेस चौतारी चितवनले एक छनोट समिति गठन गर्नेछ । जसको गठन देहायबमोजिम हुनेछ ।

११.१  प्रेस चौतारी चितवनको अध्यक्ष - संयोजक

११.२  डा. तिलचन्द्र भट्टराई वा प्रा.डा. शारदा थपलिया वा निजले तोकेको व्यक्ति एकजना - सदस्य

११.३  प्रेस चौतारी चितवनका पूर्व अध्यक्ष वा पुरस्कार प्राप्त गरिसकेको व्यक्ति एकजना - सदस्य ।

पुरस्कृत व्यक्तित्वको छनोट र पुरस्कार वितरणपछि यो समिति स्वतः भंग हुनेछ र अर्को वर्षका लागि प्रेस चौतारी चितवनले यसै कार्यविधिको दफा ११ अनुसार अर्को छनोट समिति गठन गर्नेछ ।

**१२. छनोट समितिको काम, कर्तव्य र अधिकार**

१२.१  छनोट समितिको गठन प्रेस चौतारी चितवनको जिल्ला समितिले गर्नेछ ।
१२.२  समितिका संयोजक तथा सदस्यको पहिलो बैठकदेखि यसको जिम्मेवारी आरम्भ भएको मानिने छ ।
१२.३  समितिको बैठकबाट निर्णय गरी पुरस्कृत व्यक्तिको नाम सिफारिस गर्नुपर्ने छ ।
१२.४  समितिमा एक मत हुन नसकेमा दुई जना व्यक्तिको नाम सिफारिस गर्नेछ । त्यसमध्ये कसलाई पुरस्कृत गर्ने वा दुवैलाई पुरस्कार दिने निर्णय प्रेस चौतारी चितवनले गर्नेछ । तर, समितिले सिफारिस गरेकाबाहेक अन्य व्यक्तिलाई पुरस्कृत गरिने छैन ।
१२.५ छनोट समितिले कुनै कारणवस जिम्मेवारी पूरा गर्न नसकेमा वा समितिको बैठक बस्न नसक्ने अवस्था आएमा प्रेस चौतारी चितवनले अर्को सिफारिस समिति गठन गर्न सक्नेछ ।

**१३. प्रेस चौतारी चितवनको अधिवेशनले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन र परिमार्जन गर्न सक्नेछ । तर, पूर्णतः खारेज गर्न सक्ने छैन ।**

---